nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

22°C । वर्ष :११, अंक : ७२ पृष्ठ ४ । शुक्रबार,२८ कार्तिक २०८२ । FRIDAY, NOVEMBER 14, 2025.nepalpostdaily.com । मुल्य ५ रुपैयाँ

## सर्वोच्चको फैसला नआएसम्म आन्दोलन जारी राख्ने मधेसका ७ दलको घोषणा

*जनकपुर,२ कार्तिक ।*

मधेस प्रदेशमा जारी राजनीतिक विवाद अझै चर्किएको छ। मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति "अवैधानिक" भएको आरोप लगाउँदै मधेसमा सक्रिय सात राजनीतिक दलले आन्दोलनलाई निरन्तरता दिने घोषणा गरेका छन्। बुधबार चौथो दिनसम्म पनि ती दलहरूले संयुक्त रूपमा मुख्यमन्त्री नियुक्तिविरुद्ध विरोध प्रदर्शन गरे । दलहरूले भनेका छन् । जबसम्म सर्वोच्च अदालतले यस विषयमा फैसला गर्दैन, तबसम्म आन्दोलन रोकिँदैन । जसपा नेपाल मधेसका प्रमुख सचेतक रामअशिष यादवले भने, "संविधानको धारा १६८(२) बमोजिम मात्र मुख्यमन्त्री नियुक्तिको बाटो खुल्छ । तर अहिलेको नियुक्ति त्यसको उल्लङ्घन गर्दै गरिएको छ, त्यसैले हामी सर्वोच्चको निर्णय नआएसम्म शान्तिपूर्ण आन्दोलन जारी राख्छौं ।" बुधबारको धर्नामा नेपाली कांग्रेस, जसपा नेपाल, लोसपा, नेकपा एमाले, नेकपा एकीकृत समाजवादी, नागरिक उन्मुक्ति पार्टी, र नेपाली कम्युनिस्ट पार्टीका प्रदेशसभा सदस्यहरू सहभागी थिए। यसअघि मंगलबार, मुख्यमन्त्री यादवले पदभार ग्रहण गरिरहेका बेला पनि सातै दलका नेता तथा कार्यकर्ता मधेस भवन बाहिर नाराबाजीसहित विरोध प्रदर्शनमा उत्रिएका थिए। दलहरूले आन्दोलनलाई चरणबद्ध रूपमा सशक्त बनाउँदै लैजाने चेतावनी दिएका छन्।



## पकहाँमैनपुरको विद्यालयमा शिक्षा शाखा प्रमुखको छड्के अनुगमन

**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,२७ कार्तिक ।*



पर्साको पकहाँमैनपुर गाउँपालिका-३ स्थित राम चरित्र भगत माध्यमिक विद्यालयमा गाउँपालिकाका शिक्षा शाखा प्रमुख सञ्जय प्रसाद चौहानले बिहीबार आकस्मिक (छड्के) अनुगमन गरेका छन्। अनुगमनका क्रममा चौहानले विद्यालयमा पठन-पाठनको गुणस्तर सुधार र अनुशासन कायम गर्न शिक्षक तथा विद्यार्थी दुवै जिम्मेवार बन्नुपर्ने बताएका छन्। उनले विद्यालयका प्रधानाध्यापक मनोज यादवलाई अनुशासन तोड्ने विद्यार्थीमाथि आवश्यक कारबाही गर्न निर्देशन समेत दिए । अनुगमनका क्रममा विद्यार्थीहरूले विद्यालयमा मोबाइल फोन ल्याउने र त्यसको दुरुपयोग गर्ने गुनासो आएका कारण चौहानले यस विषयमा कडाइ अपनाउन आग्रह गरे। प्रधानाध्यापक यादवले पनि विद्यालय परिसरमा मोबाइल ल्याएको फेला परे तुरुन्त जफत गरिने चेतावनी विद्यार्थीहरूलाई दिएका छन्। शिक्षा शाखा प्रमुख चौहानले विद्यालयमा उपस्थितिमा कडाइ, पठन-पाठनको निरन्तर अनुगमन, र शिक्षण गुणस्तर उन्नयन आफ्नो प्राथमिकता रहेको बताएका छन्। उनका अनुसार, गाउँपालिकाले आगामी दिनमा पनि विद्यालयहरूमा यस्ता अचानक निरीक्षण र सुधार कार्यक्रम नियमित रूपमा सञ्चालन गर्ने योजना बनाएको छ।


## सूर्य नेपालका कर्मचारी बनेर व्यापारी ठग्ने बीरगन्जका तीन जना पक्राउ



**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,२७ कार्तिक ।*

सूर्य नेपाल प्रालिको कर्मचारी भएको झुटो दाबी गर्दै व्यापारीहरूलाई ठगी गर्ने तीन जना बीरगन्जका युवक पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा बीरगन्ज महानगरपालिका-२४ का २८ वर्षीय राजु सर्राफ, बीरगन्ज -१९ का ४० वर्षीय रामराउत कुर्मी, र बीरगन्ज-३२ टेढा घर भई हाल हेटौंडा उपमहानगरपालिका-१० टिसनरोडमा बसोबास गर्दै आएका ४० वर्षीय नितेशकुमार केशरी रहेका छन्। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीका अनुसार, उनीहरूले आफूलाई सूर्य नेपाल प्रालिको कर्मचारी भन्दै हेटौंडाका व्यवसायीहरूलाई अनलाइनमार्फत सामान अर्डर गर्ने र नक्कली बैंक भौचर तयार गरी ह्वाट्सएपमार्फत पठाउने गरेको खुलेको छ । व्यापारीहरूले ती भौचर हेरेर सामान बीरगन्ज पठाएपछि मात्र भुक्तानी नआएको र ठगीमा परेको कुरा थाहा भएको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानका अनुसार, पक्राउ परेकाहरूले विभिन्न समयमा करिब १७ लाख ८७ हजार रुपैयाँ बराबरका सामान ठगी गरेका थिए । प्रहरीले तीनै जनालाई नियन्त्रणमा लिएर जिल्ला अदालतबाट म्याद थप अनुमति लिएर थप अनुसन्धान गरिरहेको जनाएको छ।

## जगदम्बा र त्रिवेणीले बुझाए पहिलो किस्ताको विद्युत् महसुल, उद्योगमा पुनः आपूर्ति सुरु




**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,२७ कार्तिक ।*

बाराको सिमरा र पर्साको बीरगन्ज औद्योगिक क्षेत्रमा रहेका दुई ठूला उद्योग जगदम्बा स्टिल र त्रिवेणी स्पिनिङ उद्योगले लामो विवादपछि अन्ततः विद्युत् महसुलको पहिलो किस्ता बुझाएका छन्। बुधबार साँझ करिब ४ बजे, जगदम्बा स्टिलले आफ्नो कुल १ अर्ब ६० करोड रुपैयाँ मध्ये ५ करोड ७२ लाख रुपैयाँ बुझायो भने, त्रिवेणी स्पिनिङ उद्योगले ३२ करोड ९ लाख रुपैयाँ मध्ये १ करोड १४ लाख रुपैयाँ पहिलो किस्ताका रूपमा तिरेको हो। सरकारले डेडिकेटेड र ट्रंक लाइन प्रयोग गर्ने उद्योगहरूलाई २८ किस्तामा महसुल बुझाउने व्यवस्था गरेको थियो। तर, महसुल नबुझाएको भन्दै नेपाल विद्युत् प्राधिकरणले कात्तिक ४ गते यी दुवै उद्योगको ६६ हजार केभी क्षमताको प्रसारण लाइन काटेको थियो।विद्युत् आपूर्ति बन्द भएको २२ दिनपछि उद्योगहरूले महसुल बुझाउने सहमति गरेका हुन्। सिमरा वितरण केन्द्रका प्रमुख रुमेश रुपाखेतीका अनुसार, "प्रधानमन्त्रीको उपस्थितिमा भएको उच्चस्तरीय छलफलपछि उद्योगीहरू महसुल बुझाउन तयार भएका हुन्।" महसुल बुझाएसँगै, सिमरा

बाँकी तेश्रो पृष्ठमा

## मधेसका मन्त्री नियुक्त भएपनि "अलपत्र" अवस्थामा

*जनकपुर,२७ कार्तिक ।*




मधेस प्रदेशमा सरोजकुमार यादव नेतृत्वको सरकार गठन भए पनि हाल मन्त्रीहरू अलपत्र अवस्थामा छन्। कात्तिक २४ गते एमाले संसदीय दलका नेता यादवको नेतृत्वमा गठन भएको सरकारले राजनीतिक र कानुनी दवाबको दोहोरो चाप सामना गरिरहेको छ। एकातिर, मुख्यमन्त्री नियुक्तिविरुद्ध सर्वोच्च अदालतमा दायर रिट निवेदन छ भने अर्कोतिर प्रदेशसभाका दुई तिहाइ सदस्यसहितका अधिकांश राजनीतिक दल सडकमा प्रदर्शनमा उत्रिएका छन्। यसले गर्दा मन्त्रीहरू मधेस भवन प्रवेश गर्न नपाउने र जिम्मेवारीमा नरहने अवस्था सिर्जना भएको छ । हालको मन्त्रिपरिषदमा राप्रपा बाट कन्चन बिच्छा, एमालेबाट लखन दास र संघीय समाजवादीबाट विमला अन्सारी मन्त्री भएका छन्, तर उनीहरूको मन्त्रालय तोकिएको छैन । बिना विभागीय मन्त्री बनेका लखन दास केही दिनमा अवस्था सामान्य हुनेमा विश्वास

बाँकी तेश्रो पृष्ठमा

## रौतहटमा सात दलद्वारा मुख्यमन्त्री यादवको असंवैधानिक नियुक्तिविरुद्ध विरोध प्रदर्शन

*रौतहट,२७ कार्तिक ।*

सात राजनीतिक दलको संयुक्त नेतृत्वमा रौतहट सदरमुकाम गौरमा बिहीबार मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको असंवैधानिक नियुक्ति खारेज गर्न विरोध प्रदर्शन गरिएको छ । लोसर पार्टीका प्रदेश सचिव ओमलोक पटेलका अनुसार, सात दलिय गठबन्धनका नेता तथा कार्यकर्ताहरूले निवर्तमान प्रदेश प्रमुख सुमित्रा भण्डारी द्वारा संविधानको धारा १६८( ३) को गलत प्रयोग गरी एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरिएको भन्दै विरोध जनाएका हुन् । प्रदर्शनकर्ताहरूले शपथग्रहण मध्यराति होटलमा गरिएको भन्दै मुख्यमन्त्रीको पद खारेजीको माग गरेका थिए । प्रदर्शनमा सहभागीहरूले "असंवैधानिक मुख्य मन्त्री राजीनामा दे" र "एमाले पार्टी मुर्दाबाद" जस्ता नाराहरू लगाएका थिए । कार्यक्रममा नेपाली कांग्रेसका रौतहट जिल्ला सभापति सुनिल यादव, लोसपा उपाध्यक्ष बाबुलाल साह, सहमहामन्त्री अनिल सिंह, नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य रेवन्त झा, नेकपा माओवादी केन्द्रका गौर नगर अध्यक्ष चन्देश्वर राउत, जनमत पार्टीका रौतहट इन्चार्ज शेख जमसैद, जसपा नेता तथा पूर्व राज्यमन्त्री योगेन्द्र यादव, लगायत अन्य नेता तथा कार्यकर्ताहरूको बाक्लो सहभागिता रहेको थियो ।

सात दलको विरोध प्रदर्शनले हालै मधेस प्रदेशमा उत्पन्न राजनीतिक विवादप्रति जनताको असन्तोष र संवैधानिक प्रक्रिया पालनको मागलाई स्पष्ट रूपमा उजागर गरेको छ ।




## कटहरियामा दुई दिनभित्र दुई किशोरीको आत्महत्या

*रौतहट,२७ कार्तिक ।*

रौतहटको कटहरिया नगरपालिका क्षेत्रमा दुःखद घटना घटेको छ । दुई दिनभित्रै दुई किशोरीले आत्महत्या गरेका छन्। घटनाले स्थानीय समुदायमा गहिरो आश्चर्य र चिन्ता उत्पन्न गरेको छ। बुधबार दिउँसो करिब सवा २ बजे कटहरिया नगरपालिका-८, बलुवा टोल निवासी रामेश्वर राय यादवकी १८ वर्षीया छोरी रञ्जिता कुमारी यादवले आफ्नै घरको छाना मुनिको धरैनमा प्लास्टिकको डोरी प्रयोग गरी झुण्डिएर आत्महत्या गरेकी थिइन् । घटनाको सूचना पाएपछि ईलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई धर्मेन्द्र पौडेलको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो । उनले भने, "घटनास्थलमा पुग्दा रञ्जिता झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन् ।" यसअघि, मंगलबार साँझ कटहरिया नगरपालिका-५ का जयमङ्गल पासवानकी १७ वर्षीया छोरी छोटी पासवानले पनि आफ्नै घरभित्र सलको पासो लगाएर आत्महत्या गरेकी थिइन् । सो बेला घरमा अन्य कोही नभएको प्रहरीले जनाएको छ । दुवै घटनाको कारण

बाँकी तेश्रो पृष्ठमा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३९८६६९,०५१-५२००४०


## सम्पादकीय

### परीक्षामा प्रहरी प्रमुख

नेपाल प्रहरीको ३३औं महानिरीक्षकका रूपमा दानबहादुर कार्कीले आजदेखि औपचारिक नेतृत्व सम्हाल्दै छन् । लामो प्रतिस्पर्धा पार गर्दै पहिलो वरीयताका आधारमा नेतृत्वमा पुगेका उनका लागि अबका २९ महिना आफ्नो क्षमता देखाउने वास्तविक परीक्षा हुनेछ । नेपाल प्रहरी अहिले आन्तरिक रूपमा कमजोर, बाह्य रूपमा दबाबपूर्ण र जनस्तरमा अविश्वासको घेराभित्र छ । यस्तो परिस्थितिमा उनले पाएको म्यान्डेट प्रशासनिक मात्र होइन, संवेदनशील सुरक्षा सम्हाल्ने, संगठनको खस्केको मनोबल उठाउने र विश्वसनीयता पुनर्स्थापित गर्ने ऐतिहासिक जिम्मेवारी पनि हो । जेनजी विद्रोह (२३-२४ भदौ)ले प्रहरी संगठन इतिहासकै कठिन मोडमा ल्याइपुर्‍याएको छ । संसद् भवन जोगाउने क्रममा भएको अत्यधिक बल प्रयोग र २२ प्रदर्शनकारीको मृत्युले प्रहरीलाई पूरै रक्षात्मक बनाइदियो । तीन प्रहरीको ज्यान गयो, सयौं घाइते भए, साढे ४ सयभन्दा बढी प्रहरी कार्यालयमा आगजनी र तोडफोड भयो । सयौं हतियार र हजारौं गोली लुटिए । यी सबै घटनाले प्रहरीलाई भौतिक रूपमा मात्रै होइन, मानसिक रूपमा पनि कमजोर बनाइदियो । संगठनभित्र आत्मबल पूरै गुमेको अवस्था छ । प्रहरीको बल आत्मविश्वासमा हुन्छ–त्यो पुनर्स्थापना नगरी संगठन प्रभावकारी हुन सक्दैन । यही आत्मविश्वास जगाउने जिम्मेवारी आइजिपी कार्कीको काँधमा आइपुगेको छ । जेनजी विद्रोहका क्रममा भएको प्रहरी दमनको छानबिन उच्चस्तरीय जाँचबुझ आयोगले गर्दै छ । दोषीमाथि कारबाही हुनेपर्छ । तर सोही घटनाकै कारण समग्र शान्ति सुरक्षाको जिम्मेवारी पाएको नेपाल प्रहरी कमजोर बन्नुहुँदैन । हिंसा भड्काएर एकै दिनमा सत्ता उलटफेर गरेको देखेका अदृश्य शक्ति पुनः आन्दोलन चर्काउने रणनीतिमा छन् । केही त्यस्ता समूहले आन्दोलनको घोषणा गरिसकेका छन् । संसद् पुनर्स्थापना कि आमचुनाव भन्नेमा पनि राष्ट्रिय राजनीति ध्रुवीकृत भइरहेको छ । त्यसले उत्पन्न गर्ने तनाव नियन्त्रणको जिम्मेवारी पनि प्रहरीकै हुनेछ । सबैभन्दा ठूलो चुनौती भनेको प्रमुख सुरक्षा अंगका रूपमा २१ फागुनको आमचुनावलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण बनाउने जिम्मेवारी पनि उसैको हुनेछ । लुटिएका हतियार अझै फेला नपर्नु, फरार कैदीबन्दीहरूको ठूलो संख्या जेलबाहिरै हुनु र दलहरूले आफ्नै सुरक्षा समूह बनाउने प्रवृत्तिले चुनावी सुरक्षालाई जटिल बनाएको छ । निष्पक्ष र हिंसारहित निर्वाचन सम्पन्न गराउनु कार्कीका लागि अर्को ठूलो चुनौती हुनेछ । नेपाल प्रहरीमा राजनीतिक हस्तक्षेप, स्रोतसाधनको कमी र संगठनभित्रको असन्तुष्टि पुराना रोग रोग हुन् ।

# नेकपा : अवसरका आभा, चुनौतीका चाङ

**सुरेन्द्र बस्नेत**

प्रचण्ड नेतृत्वको माओवादी केन्द्र र एमालेबाट छुट्टिएको नेकपा (एकीकृत समाजवादी) बीच एकता भई 'नेपाली कम्युनिस्ट पार्टी' बनेपछि वाम राजनीतिक वृत्तमा नयाँ अध्याय सुरु भएको छ । **टुटेको कडी जोडियो** तत्कालीन नेकपामा हुँदा केपी शर्मा ओली समूहसँगको सम्बन्धविच्छेदपछि प्रचण्ड नेतृत्वको पूर्वमाओवादी धार र माधवकुमार नेपाल नेतृत्वको पूर्वएमाले धार सहकार्य र एकतामै थिए । यी दुई धार एक ठाउँ हुँदा तत्कालीन नेकपाको सुविधाजनक बहुमत उनीहरूसँगै थियो । तत्कालीन प्रधानमन्त्री ओलीको प्रतिनिधिसभा विघटनको असंवैधानिक कदमविरुद्ध उनीहरू लामो समय सँगसँगै आन्दोलित भएका थिए । आफूलाई मूल र आधिकारिक नेकपा दाबी गर्दै देशव्यापी रूपमा साझा संरचनासहित अघि बढेका थिए । यो समूहका नेता-कार्यकर्ताबीच एउटै पार्टीका रूपमा राजनीतिक, सांगठानिक मात्रै नभई भावनात्मक सम्बन्धसमेत विकसित हुँदै गएको थियो । बहुमत आफूसँगै भएकाले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम आफूहरूले आधिकारिकता पाउनुपर्ने प्रचण्ड-माधव समूहको दाबी थियो । तर, पार्टी एकता भएको अढाइ वर्षपछि सर्वोच्च अदालतबाट एकता नै बदर भएको फैसला आयो, जुन उनीहरूका निम्ति बिलकुल अनपेक्षित थियो । त्यसपछि परिस्थितिले नयाँ मोड लियो । त्यतिबेलै नेपाली कम्युनिस्ट पार्टीका नाममा निर्वाचन आयोगमा नयाँ दल दर्ता गरेर जाने छलफल पनि नभएको होइन तर त्यसले आकार लिन सकेन । फलतः मन, विचार र भावना मिल्दामिल्दै उनीहरू हात मिलाएर छुट्टिए । पूर्ववत् रूपमा एकातिर प्रचण्ड नेतृत्वमा नेकपा (माओवादी केन्द्र) ब्युँतियो भने अर्कोतिर एमालेबाट विद्रोह गरी माधवकुमार नेपाल नेतृत्वमा



नेकपा (एस) बन्यो । अन्ततः फेरि इतिहासमा टुटेको कडी जोडियो र नयाँ स्वरूपमा अहिलेको नेकपा बन्यो । **नेपाली विशेषताको समाजवाद** कम्युनिस्ट पार्टी स्थापना भएदेखि आजसम्मका सबै कम्युनिस्ट पार्टी र घटकहरूले आफ्नो नामको पहिलो अक्षर 'नेपाल' का ठाउँमा यस पटक 'नेपाली' शब्द राखेका छन् । यसबाट 'यो नेपालभित्र रहेको मात्र नभई नेपालीपन र विशेषतायुक्त कम्युनिस्ट पार्टी हो' भन्ने सन्देश दिन खोजेको देखिन्छ । अन्तर्राष्ट्रिय प्रचलनमा हेर्दासमेत चीनमा 'चिनियाँ कम्युनिस्ट पार्टी' र भारतमा 'भारतीय कम्युनिस्ट पार्टी' नाम रहेको देखिन्छ । नाम मात्रै नभई नवगठित नेकपाले आफ्नो राजनीतिक कार्यक्रमसमेत 'नेपाली विशेषताको वैज्ञानिक समाजवाद' भनेर निर्दिष्ट गरेको छ । अब नेकपाले नेपाली विशेषताको समाजवादको राजनीतिक, आर्थिक, सामाजिक, दार्शनिक आधार र विशेषताहरूको विषयमा स्पष्ट पार्नुपर्छ ।

**माओवाद-जबज बहस निरूपण**

नवगठित नेकपाले आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा मार्क्सवाद र लेनिनवादलाई निर्दिष्ट गरेको छ । यो घोषणासँगै सैद्धान्तिक रूपमा दुई वटा विषय चर्चामा छन् । एकातिर पूर्वमाओवादी वृत्तमा 'माओवाद' त्याग गरेको र अर्कोतिर पूर्वएकीकृत समाजवादी वृत्तमा 'जनताको बहुदलीय जनवाद' त्याग गरेको प्रश्न कतिपयले उठाएका छन् । तर, स्पष्ट हुनुपर्ने विषय के छ भने यो दुवै धारले पूर्ववत् कार्यक्रम त्याग नगरी नयाँ चरणमा प्रवेश गरेका हुन् । खासगरी माओत्सेतुङका पालामा अर्धऔपनिवेशिक तथा अर्धसामन्तवादी अवस्थामा रहेका मुलुकमा समाजवादमा जानुपूर्व सम्पन्न गरिने क्रान्तिको चरणलाई 'नयाँ जनवादी क्रान्ति' का रूपमा परिभाषित गरिएको थियो । नेपाली सन्दर्भमा पनि माओवादी 'जनयुद्ध' दौरान त्यही चरणको क्रान्तिलाई मुख्यतः 'माओवाद' का रूपमा संश्लेषण गरिएको थियो । पछिल्लो कालखण्डमा संघीय लोकतान्त्रिक गणतन्त्रको बहालीसँगै उक्त चरणको क्रान्ति मूलभूत रूपमा पूरा भएको ठहर भएपछि स्वाभाविक रूपमा समाजवादी चरणको कार्यक्रम अघि बढेको हो । त्यसैगरी तत्कालीन एमाले हुँदै एकीकृत समाजवादीले वकालत गर्दै आएको जनताको बहुदलीय जनवादको सन्दर्भमा पनि कुरा त्यही नै हो । जननेता मदन भण्डारीले उही अर्धऔपनिवेशिक तथा अर्धसामन्तवादी अवस्थामा रहेका मुलुकमा सम्पन्न गरिने क्रान्तिको चरणलाई नै जनताको बहुदलीय जनवाद भनेका थिए । 'जनयुद्ध' र जनआन्दोलनको समायोजनमा भएको ०६२/६३ को जनक्रान्तिसँगै उक्त चरणको क्रान्ति सम्पन्न भइसकेको छ । यस अर्थमा जबज छाडेको नभई त्योभन्दा नयाँ समाजवादी चरणमा प्रवेश गरेको भनेर बुझ्नु नै सही हुन्छ । यदि मदन भण्डारी नै जीवित भएको भए स्वयं उनले पनि यति बेला जनताको बहुदलीय समाजवाद भन्ने थिए । कतिपयले माधव नेपालहरूले जबज छाडेको भनेर टिप्पणी गरेको पनि सुनिन्छ । स्वयं केपी ओलीले नै तत्कालीन नेकपा निर्माणताका जबज परित्याग गरिसकेको हुनाले यो टिप्पणी उस्तो युक्तिसंगत देखिँदैन । यस अर्थमा अहिले जबजबाट नयाँ समाजवादी चरणमा प्रवेश गरेको भनेर बुझ्नु नै सही हुन्छ । **नेकपाका भावी चुनौती** निश्चय नै नेकपासामु अवसरका आभा मात्रै देखिएका छैनन्, चुनौतीका चाङहरू पनि त्यतिकै छन् । अहिलेको नेकपामा मुख्य रूपमा 'जनयुद्ध' र जनआन्दोलनबाट विकसित नेता/कार्यकर्ताको विशाल पंक्ति छ । स्वाभाविक रूपमा स्कुलिङ फरक हुने नै भयो । एकातिर सशस्त्र 'जनयुद्ध' मा जीवन गुमाएका सहिद तथा बेपत्ता योद्धाको त्याग र बलिदानलाई सम्मान गर्नुपर्ने छ भने अर्कातर्फ शान्तिपूर्ण जनआन्दोलनमा सिंगो जीवन अर्पण गरेका योद्धाहरूको रगत, आँसु र पसिनाको कदर गर्नुपर्नेछ । 'जनयुद्ध' र जनआन्दोलनको समायोजनबाटै ०६२/६३ को जनक्रान्तिले दिग्विजय हासिल गरेको तथ्यलाई बिनाहिचकिचाहटसबैलेसहजतापूर्वक स्वीकार गर्नुपर्छ । विगतमा नेकपा विभाजनबाट सिक्नुपर्ने पाठहरू पनि थुप्रै छन् । एकताका सन्दर्भमा मोटामोटी सैद्धान्तिक प्रश्नहरूको निरूपण भइसके पनि सांगठानिक समस्याहरू हल हुन बाँकी नै छन् । यस सन्दर्भमा एकातिर एकताको मनोविज्ञान र भाव समेट्नु अनिवार्य छ भने अर्कोतिर चुस्त र कामकाजी कमिटीहरू निर्माण गर्न जरुरी छ । विगतमा नेकपा विभाजनबाट सिक्नुपर्ने पाठहरू पनि थुप्रै छन् । एकताको संक्रमणकालीन समयमा ठूला कमिटी हुनु स्वाभाविकै छ । तर, अनन्तकालसम्म भीमकाय आकारका कमिटी रहिरहने, व्यावहारिक हिसाबले जनवादी छलफल हुन नपाउने र

बाँकी तेश्रो पृष्ठमा

# त युगामा पत्रकारिता

**रजनीश भण्डारी**

देशका राजनीतिक, संवैधानिक, औद्योगिक र सामाजिक संरचनाजस्तै मिडिया क्षेत्रमा पनि गहिरो समीक्षा, आत्मसमीक्षा र परिमार्जनको आवश्यकता छ । 'मिस्इन्फर्मेसन' र 'डिस्इन्फर्मेसन' को बाढीले विश्वसनीय, जिम्मेवार र जवाफदेही पत्रकारिताको संवेदनशील भूमिका झनै टड्कारो बनेको छ । यही सन्दर्भमा आलोचना, समालोचना, समीक्षा, सुझावलाई विशेष स्थान दिन कान्तिपुरले 'मिडिया विमर्श' शृंखला आरम्भ गरेको छ । वस्तुनिष्ठ र जिम्मेवार बहसमा सरोकारवाला तथा विज्ञहरूको सहभागिताका लागि हामी प्रतीक्षारत छौं । १३ वर्ष अगाडिको कुरा हो । म 'कान्तिपुर' मा टेलिभिजनमा रिपोर्टरका रूपमा काम गर्थें । रिपोर्टिङ संयोजकको अनुरोधमा मैले त्यो टेलिभिजनको मल्टिमिडिया रोडम्याप बनाएको थिएँ । केही दिन लगाएर बनाएको त्यो रोडम्यापमा डिजिटल क्रान्तिमा कसरी पाठकहरूसँग सम्बन्ध स्थापना गर्न सकिन्छ, कसरी समाचारलाई मल्टिमिडियामार्फत सम्प्रेषण गर्न सकिन्छ, यसका चुनौती, चाल्नुपर्ने आवश्यक कदम र सुझावहरू थिए । तर, त्यसमा थप छलफल भएन, थप कुराकानी भएन । त्यतिबेला अहिलेजस्तो इन्टरनेट सर्वसुलभ पनि नभएकाले होला, व्यवस्थापनले आँट गरेन । टेलिभिजनमै दर्शक थिए, यता डिजिटल क्रान्ति पनि भइरहेको थियो । १३ वर्षपछि अहिले हामी सबैलाई डिजिटल मिडियामा भएको क्रान्तिले व्यापक प्रभाव पारेको छ- पत्रकारिताको पहुँचलाई कसरी नयाँ पाठक, दर्शक र श्रोतासम्म पुर्‍याउने ? डिजिटल क्रान्तिले हामीलाई यो बाटोमा दौडिन बाध्य पनि बनाएको छ । हामी अहिल्यै डायनासोर बन्न चाहँदैनौं । तर, सञ्चारमाध्यमबीच प्रतिस्पर्धा क्लिक्स र हिट्समा छ । सही समाचारभन्दा पनि छिटो समाचार कसले पस्कने भन्नेमा अहिलेको प्रतिस्पर्धा छ । तर, प्रतिस्पर्धा कसरी पत्रकारितालाई विश्वसनीय बनाउने, कसरी दिगो बनाउने र कसरी प्रभावकारी बनाउने भन्नेमा हुनुपर्ने हो । पत्रकारिता स्वतन्त्र, जिम्मेवारपूर्ण र तथ्यपरक हुनुपर्छ । आवाजविहीनको आवाज बन्दै सत्तामा रहेकाहरूको 'वाचडग' को भूमिका यसले निभाउनुपर्छ । डिजिटल मिडियाले ल्याएको क्रान्तिमा चुनौतीका साथै सम्भावना पनि थुप्रै छन् । यो लेख यसमै केन्द्रित रहनेछ ।

**सामाजिक सञ्जालले नेपाली आन्दोलनहरूलाई पार्दै गरेको प्रभाव**

२० वर्षअघिको जनआन्दोलन र अहिलेको जेन-जी आन्दोलनको तुलना गर्दा रिपोर्टिङको फरक अनुभव छ । ०६२/६३ को जनआन्दोलन लोकतन्त्रका लागि थियो । सात राजनीतिक दल र माओवादीले राजा ज्ञानेन्द्र शाहको शासनविरुद्ध आन्दोलनको नेतृत्व गरे र आन्दोलनलाई परिचालन गरेका थिए । ०६२/६३ मा जुलुस, पर्चा, मोबाइल फोन, एसएमएसबाट आन्दोलन परिचालित थियो । १९ दिन चलेको आन्दोलनमा १९ जनाको ज्यान गएको थियो । पत्रिका, एफएम रेडियो र टेलिभिजनले यसको समाचार प्रभावकारी रूपमा सम्प्रेषण गरेका थिए । धेरैले पढ्थे र सुन्थे पनि । जेन-जी आन्दोलन नेतृत्वविहीनथियो ।टिकटक,डिस्कर्ड, एक्स र इन्स्टाग्रामजस्ता सामाजिक सञ्जाल प्लेटफर्महरूमार्फत विद्यार्थी र युवाहरू सञ्चालित थिए । राजनीतिक दलका नेताका छोराछोरीको भव्य जीवनशैलीविरुद्ध सामाजिक सञ्जालमा भिडियोहरू 'नेपो बेबी' का नाममा ट्रेन्डिङमा थियो । जेन-जीको प्रदर्शनको आह्वान सामाजिक सञ्जाल डिस्कोर्डबाटै भयो । आन्दोलनका मुख्य जानकारी र तयारी पनि सामाजिक सञ्जालमार्फत नै भएको देखिन्छ । पहिलो दिन १९ युवाहरूको छाती, टाउको र शरीरका अन्य भागमा गोली लागेर मृत्यु भएका भिडियोहरू सबैको हातहातमा मोबाइलमार्फत केहीबेरमै पुगे । यो पटकको आन्दोलनमा टिकटक, फेसबुक, इन्स्टा, ह्यासट्याग, लाइभ स्ट्रिमिङ र अनलाइन भिडियोहरू हावी भए । प्रदर्शनकारीहरू आन्दोलनको प्रचारप्रसार गर्न आफ्नै मोबाइल र सामाजिक प्लेटफर्मको भर परेको देखियो । यो आन्दोलनमा ७६ जनाको ज्यान गयो । ३ हजारभन्दा बढी घाइते भए । २३ सयभन्दा बढी सरकारी तथा निजी भवनमा तोडफोड भयो । स्थापित राजनीतिक नेतृत्वप्रतिको अविश्वास आन्दोलनमा देख्न सकिन्थ्यो ।०६२/६३ को जनआन्दोलन लोकतन्त्रका लागि थियो । तर, अहिलेको आन्दोलन भने भ्रष्टाचार, नातावाद र सामाजिक सञ्जालको प्रतिबन्धविरुद्ध लक्षित थियो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र भदौ २१ गते ललितपुरको हरिसिद्धिमा कोशी प्रदेशका आन्तरिक मामिला तथा योजनामन्त्री रामबहादुर मगर सवार गाडीले ११ वर्षीया बालिकालाई ठक्कर दिएर हिँडेपछि जनमानसमा आक्रोश बढेको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले यो घटनालाई सामान्य भनी दिएको टिप्पणीले अझ आक्रोश थपेको थियो । ०६२/६३ को जनआन्दोलनमा सञ्चारमाध्यमलाई तत्कालीन शाही सरकारले 'आठौं दल' को बिल्ला भिराएको थियो । १९ दिनको आन्दोलनको रिपोर्टिङ गर्दा त्यसबेला पनि गोली चलेको थियो, पत्रकारहरू घाइते भएका थिए, आन्दोलनकारीको ज्यान

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## शेख हसिना पक्षधरको बन्द आव्हानपछि ढाकामा सुरक्षा व्यवस्था कडा




***काठमाडौं, २७ कात्तिक ।***

पछिल्ला तीन दिन देशका विभिन्न क्षेत्रमा क्रुड बम बिस्फोट तथा आगजनीका घटना भएपछि सरकारले सुरक्षा व्यवस्था कडा बनाएको हो । ढाकामा पछिल्लो समय फैलिएका हिंसात्मक गतिविधि तथा पूर्वप्रधानमन्त्री शेख हसिना पक्षधरहरुले गरेको बन्द आव्हानपछि सुरक्षा व्यवस्था कडा पारिएको छ । हसिनाको पार्टी अवामी लिगले बिहीबार बन्द आव्हान गरेको छ ।बंगलादेशमा आगामी फेब्रुअरीमा निर्वाचन हुँदैछ । तर यस निर्वाचनमा हसिनाको अवामी लिगलाई उम्मेदवारीबाट बन्चित गरिएको छ । हसिना समर्थकहरुले यस कदमको विरोध गर्दै आएका छन् । निर्वाचन नजिकिदैं गर्दा आइतबार, सोमबार र मंगलबार देशका विभिन्न क्षेत्रमा क्रुड बम बिस्फोट तथा आगजनीका घटना भएपछि सरकारले सुरक्षा व्यवस्था कडा बनाएको हो । प्रहरीले हिंसात्मक गतिविधिमा संलग्न भएको अभियोगमा ठूलो संख्यामा मानिसहरुलाई पक्राउ गरेको छ । प्रहरीसँगै सेना, र्‍यापिड एक्सन बटालियन र सीमा सुरक्षा दलले पनि विभिन्न क्षेत्रमा गस्ती गरिरहेको छ । कडा सुरक्षाका कारण आज ढाकाका सडकहरुमा ट्राफिक आवागमन तुलनात्मक रुपमा कम छ । मेट्रो रेलम पनि यात्रुहरुको संख्या कम रहेको बंगलादेशी सञ्चारमाध्यम द डेली स्टारको समाचारमा उल्लेख छ । त्यस्तै विमानस्थलहरुमा पनि सुरक्षा व्यवस्था कडा बनाइएको छ । **हसिनाको मुद्दा फैसला हुन बाँकी**मानवताविरुद्धको अभियोगमा ढाकास्थित बंगलादेश अन्तर्राष्ट्रिय अपराध प्राधिकरणमा हसिनाको मुद्दा फैसला हुन बाँकी छ । सन् २०२४ को जुलाईदेखि अगस्टसम्म चलेको शान्तिपूर्ण प्रदर्शनमा हिंसात्मक दमन गर्न आदेश दिएको अभियोग उनीमाथि छ । यस मुद्दामा अन्य २६ जनाविरुद्ध पनि उजूरी दर्ता भएको छ ।आन्दोलन चर्किएपछि ५ अगस्ट २०२४ मा हसिना देश छाडेर भागेकी थिइन् । त्यसको तीन दिनपछि बंगलादेशमा निर्वाचन गराउनका लागि नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो ।

## एआईमा चीन भन्दा अमेरिका अगाडि, आविष्कारसँगै व्यावहारिक प्रयोगको अभ्यास



***काठमाडौं, २७ कात्तिक ।***

संयुक्त राज्य अमेरिका र चीन कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको विकासमा विश्वका दुई प्रमुख अगुवा राष्ट्रका रूपमा रहेका छन् । सन् २०१४ देखि २०२३ सम्म चीनले कृत्रिम बुद्धिमत्तासम्बन्धी सबैभन्दा धेरै आविष्कार दर्ता गरेको एक विज्ञले बताएका छन् । अन्तर्राष्ट्रिय व्यवस्थापन विकास संस्थानद्वारा सार्वजनिक दोस्रो कृत्रिम बुद्धिमत्ता प्रगति सूचकाङ्क अनुसार, प्रविधि क्षेत्रमा अमेरिकी कम्पनीहरू अग्रस्थानमा छन् भने चीनका कम्पनीहरू दोस्रो स्थानमा छन् । उक्त संस्थानका रणनीति तथा डिजिटल अध्ययनका प्राध्यापक माइकल वेडका अनुसार, चीनले कृत्रिम बुद्धिमत्ताको प्रयोग उद्योग, स्वास्थ्य उपचार र स्वचालित सवारी साधनजस्ता व्यावहारिक क्षेत्रमा विस्तार गर्न केन्द्रित भएको छ । यसले देशको आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने उनको भनाइ छ । वेडले भनेका छन्,"उन्नत कम्प्युटर चिप्स प्राप्त गर्न कठिनाइ भए पनि चीनले सन् २०१४ देखि २०२३ सम्म ३८ हजारभन्दा बढी कृत्रिम बुद्धिमत्तासम्बन्धी आविष्कार दर्ता गरेको छ, जुन सङ्ख्या अमेरिकाभन्दा निकै बढी हो ।" उनले भने, "चीन अत्यन्त शक्तिशाली प्रणाली निर्माणभन्दा पनि त्यसलाई सुलभ र व्यावहारिक रूपमा जनजीवनमा प्रयोगमा ल्याउन बढी ध्यान दिइरहेको छ ।"

प्रविधि र सञ्चार क्षेत्रका ठूला कम्पनीहरूले कृत्रिम बुद्धिमत्ताको प्रयोगका लागि ठूलो परिमाणमा लगानी गरिरहेका छन् । चीनका प्रविधि र बीमा क्षेत्रका कम्पनीहरू सबैभन्दा सक्षम देखिएका छन्, भने ऊर्जा र निर्माणजस्ता परम्परागत सरकारी उद्योगहरू अझै पछि रहेका छन् ।

प्रतिवेदनले कृत्रिम बुद्धिमत्ता प्रयोगमा परिपक्व कम्पनीहरूले औसत वार्षिक आम्दानी ६.७९ प्रतिशतले वृद्धि गरेका देखाएको छ, भने यस प्रविधिमा कमजोर कम्पनीहरूको आम्दानी ०.५१ प्रतिशतले घटेको छ ।

स्विट्जरल्यान्डमा मुख्य कार्यालय रहेको उक्त संस्थानले लोजान र सिङ्गापुरमा शिक्षण केन्द्र सञ्चालन गर्दै आएको छ । हालै चीनको शेन्जेन शहरमा पनि आफ्नो कार्यदल स्थापना गरेको छ । रासस/सिन्ह्वा

## भ्रष्टाचार आरोपपछि युक्रेनी ऊर्जा मन्त्रीले दिइन् राजीनामा

***काठमाडौं, २७ कात्तिक ।***

भ्रष्टाचार आरोप लागेपछि युक्रेनी ऊर्जा मन्त्री स्विटलाना ग्रिनचुकले राजीनामा दिएकी छन् । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बुधबार आफ्ना न्याय र ऊर्जा मन्त्रीहरूलाई देशको युद्धग्रस्त ऊर्जा क्षेत्रमा व्यापक भ्रष्टाचार गरेको आरोपपछि राजीनामा दिन आग्रह गरेका थिए । जेलेन्स्कीका एक प्रमुख सहयोगीसमेत रहेका उनले रकम निकाल्न १०० मिलियन डलरको आर्थिक हिनाविनाको योजना बनाएका अन्वेषकहरूले आरोप लगाएका छन् । रूसी आक्रमणको कारण व्यापक बिजुली अभावको सामना गरिरहेको युक्रेनमा विभागीय मन्त्रीको भ्रष्टाचार काण्ड बाहिरिएपछि सार्वजनिक आक्रोश उत्पन्न गरेको छ । युक्रेन लामो समयदेखि भ्रष्टाचारले ग्रस्त छ र भ्रष्टाचारमाथि कडाइ गर्नु युरोपेली सङ्घमा सामेल हुने प्रयासको प्रमुख आवश्यकताको रूपमा हेरिएको छ । जेलेन्स्कीले भने, "न्याय मन्त्री जर्मन गालुशेन्का र ऊर्जा मन्त्री स्वितलाना ग्रिन्चुकमाथि आर्थिक हिनाविनाको आरोप लागेकोले उहाँहरूले तुरून्तै राजिनामा दिनुपर्छ ।" अनुसन्धानकर्ताहरूले भनेका छन्, "यस योजनामा दुबै मन्त्रीको संलग्नता थियो ।" सरकारले यसअघि यस वर्षको सुरुसम्म ऊर्जा मन्त्री रहेका गालुशेन्कोलाई निलम्बन गरेको थियो तर उनीमाथि भ्रष्टाचारको आरोप लगाइएको थाहा थिएन । अनुसन्धानको केन्द्रमा रहेको राज्य परमाणु अपरेटर एनर्गोएटमले अन्वेषकहरूलाई सहयोग गरिरहेको जुलाईमा ऊर्जा मन्त्रालय सम्हालेका ग्रिनचुकले यसपहिले बताएका थिए । मङ्गलबार अदालतमा भ्रष्टाचारविरोधी अभियोजनकर्तालेराष्ट्रपतिभोलोदिमिर जेलेन्स्कीका निकट सहयोगी तैमुर मिन्डिचले यो योजनाको योजनाकार रहेको बताएका छन् । जेलेन्स्कीले सोमबार आरोप घोषणा हुनुभन्दा केही समयअघि देश छाडेर भागेका मिन्डिचबारे अझै टिप्पणी गरेका छैनन् । उनको प्रोडक्सन कम्पनीले उक्त अनुसन्धान स्टुडियोको कामसँग सम्बन्धित नभएको बताएको छ । युक्रेनका प्रधानमन्त्रीले बुधबार भने, "किएभ प्रशासनले मिन्डिच र यस योजनामा आरोपित अर्का व्यापारी ओलेक्सान्डर सुकरम्यानमाथि व्यक्तिगत प्रतिबन्ध लगाइरहेको छ ।"

### नेकपा : अवसरका.....

अन्ततः नेतृत्वका सीमित मानिसले मात्रै निर्णय थोपर्ने अवस्थालाई अन्त्य गर्नुपर्छ । यसका लागि अविलम्ब सबै तहका कमिटीहरूको महाधिवेशन-सम्मेलन गर्नुपर्छ । नयाँ बनेको नेकपाले जेन-जी विद्रोहमा उठेका जायज माग सम्बोधन गर्न तयार हुनुपर्छ । सुशासनको सुनिश्चितता, सेवा प्रवाहमा सरलता, अस्थिरताको अन्त्य, भ्रष्टाचारको निवारण, सामाजिक न्याय र जनजीविकाको प्रत्याभूतिलाई केन्द्रबिन्दुमा राख्नुपर्छ ।युवाहरूलाई भविष्यका कर्णधार हुन् भनेर सधैं अलमल्याउने गल्ती कमसेकम अब गर्नु हुँदैन, उनीहरूलाई अनिवार्य रूपमा वर्तमानका साझेदार बनाइनुपर्छ । त्यसका लागि हरेक तहका पार्टी कमिटीमा तिनमा एक (थ्री इन वान) प्रणाली अनिवार्य अवलम्बन गरिनुपर्छ । अघिल्लो पुस्ताको विचार, अनुभव र मार्गदर्शनमा नयाँ पुस्तालाई नीति निर्माण तहदेखि कार्यान्वयन तहसम्मै सहभागी गराउन अब विलम्ब गरिनु हुँदैन । साभार ईकान्तिपुर ।

### डिजिटल क्रान्तिको......

गएको थियो । तर, प्रेसका गाडी निर्बाध रूपमा चल्न र आवातजावत गर्न दिइएको थियो ।विशेष गरी कीर्तिपुरमा समाचार संकलन गर्न जाँदा त्यहाँका बासिन्दाले पानी दिएर पत्रकारको स्वागत गर्थे । मानवअधिकारवादी संस्थाहरू निर्बाध रूपमा पर्यवेक्षण गरिरहेका थिए । तर, अहिले त्यस्तो रहेन । यसबारेमा आन्दोलनरत पक्षले गम्भीरतापूर्वक लिनुपर्छ ।जेन-जीको यो आन्दोलनको रिपोर्टिङ गर्न आफैं पनि फिल्डमा रहँदा त्यहाँ तेर्स्याइएका मोबाइलबाट थाहा हुन्थ्यो- सूचना सम्प्रेषण गर्न सबै जना नागरिक पत्रकार भइरहेका छन् । हामीले सञ्चारमाध्यम पठाएर, सम्पादन भएर र सम्प्रेषण हुनुभन्दा पहिले नै त्यहाँबाट उनीहरूले लाइभस्ट्रिम गरिरहेका हुन्थे । तर, फरक यत्ति थियो- सञ्चारमाध्यममा तथ्य जाँच गरिएका समाचार सामग्री थिए, यता तथ्य जाँच नभएका र अपुष्ट सामग्री पनि भाइरल भइरहेका थिए । यस्ता भ्रामक र गलत सामग्रीमा पूर्वप्रधानमन्त्रीकी श्रीमतीको मृत्युदेखि बहालवाला मन्त्रीमाथि आक्रमणलगायतका विषय थिए ।अरू आन्दोलन-प्रदर्शनका तुलनामा जेन-जी आन्दोलनको समाचार संकलन र सम्प्रेषण गर्न पत्रकारलाई असहज थियो । आन्दोलनको पहिलो दिन ६ जना पत्रकार घाइते भए । साभार ईकान्तिपुर ।

### जगदम्बा र त्रिवेणी......

वितरण केन्द्र र वीरगञ्ज वितरण केन्द्रका प्रमुखहरू रुमेश रुपाखेती र अवधेश कुमार दुवेले दुवै उद्योगमा विद्युत् आपूर्ति पुन: जडान गरिएको जानकारी दिएका छन् । यसअघि पनि बारा-पर्सा औद्योगिक करिडोरभित्रका अन्य उद्योगहरू हुलास स्टिल, हामा आइरन, अशोक स्टिल लगायतले आफ्ना किस्ताको रकम बुझाइसकेका थिए । यो कदमसँगै लामो समयदेखि रोकिएको औद्योगिक उत्पादन पुनः गतिमा आउने अपेक्षा गरिएको छ ।

### मधेसका मन्त्री...........

राख्छन् । उनले भने, "संवैधानिक सर्वोच्चतालाई ख्याल गरेर यो सरकार निर्माण भएकोले अदालतले हाम्रो पक्षमा फैसला दिनेछ भन्ने विश्वास छ । मुख्यमन्त्री काठमाडौं पुगिसकेका छन् र विभिन्न दलका शीर्ष नेतासँग छलफल गरेर विश्वासको मत सुनिश्चित गर्ने वातावरण सिर्जना गर्नुहुनेछ ।"नवनियुक्त प्रदेश प्रमुखले पनि पदभार ग्रहण गरेलगत्तै मन्त्रीहरू संग छलफल गर्ने योजना रहेको छ ।

### कटहरियामा दुई.........

अझै खुलेको छैन, तर प्रहरीले थप अनुसन्धान सुरु गरेको बताएको छ । लगातार दुई किशोरीले आत्महत्या गरेको घटनाले कटहरिया क्षेत्रमा त्रास र मानसिक स्वास्थ्यबारे चासो बढाएको छ । स्थानीयवासीहरूले सम्बन्धित निकायलाई यस्ता घटनाको कारण पत्ता लगाई रोकथामका उपाय अपनाउन आग्रह गरेका छन् ।

### स्थापनाको एक.........

प्रतियोगिता र प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको उनले जानकारी दिए । आगामी दिनमा परिषद्ले खेलाडीहरूको व्यक्तित्व विकास, पारिश्रमिक र भत्ता व्यवस्थापन, तथा प्रतियोगिता र प्रशिक्षणलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको कानुले बताए । सदस्य-सचिव कानुले खेलकुदले समाजलाई रहेको छ ।

# स्वास्थ्य

## कस्तो अवस्थामा गर्भनिरोधक चक्की खानै हुन्न ?



सन्तानको योजना नबनाएका दम्पतीलाई खुलेर शारीरिक सम्बन्ध बनाउन कठिन हुन्छ । खासगरी अनिच्छित गर्भ रहने भयले उनीहरुको यौन जीवन खल्लो बनाइदिन्छ । यद्यपि अहिले त्यस्ता थुप्रै सुविधा छन्, जसले अनिच्छित गर्भ रहनबाट बचाउँछ । यसमा पनि धेरै प्रचलित छ, गर्भनिरोधक चक्की । सुनौलो गुलाब, निलोकन ह्वाइट जस्ता गर्भनिरोधक चक्की एउटा प्रभावकारी विधि हो अनिच्छित गर्भ रोक्ने । यो नवविवाहित जोडी जसले तत्काल सन्तानको योजना बनाएका छैनन् उनीहरूको लागि सबैभन्दा प्रभावकारी गर्भनिरोधक उपाय हो । किनकि यो चक्की सेवन गर्न छोड्ने बित्तिकै गर्भ रहन्छ । यस्तो चक्की सही समयमा नियमित सेवन गर्दा यसले शतप्रतिशत गर्भ रोक्छ । यो ९९ प्रतिशत प्रभावकारी हुन्छ । महिनावारी भएको पहिलो दिनबाट नै यो चक्की सुरु गऱ्यो भने काम गर्न थालिहाल्छ । तर महिनावारी भएको पाँचौं दिनबाट सुरु गरेमा भने गर्भ रहने सम्भावना हुन्छ । यस्तो अवस्थामा सात दिन कण्डमको प्रयोग गर्नु उपयुक्त हुन्छ । लगातार २१ दिन यो चक्कीको सेवन गर्नुपर्छ र सात दिन आइरन चक्कीको ।

**कुन अवस्थामा यो चक्की खान हुन्न ?** टाउको दुख्ने, छातीमा मासु पलाएको, मोटोपन, उच्च रक्तचाप, मधुमेह, हाइपो कोलेस्टेरोल, मुटुको समस्या र ३५ वर्षभन्दा माथिका महिलालाई यो औषधि सेवन नगर्ने सल्लाह दिइन्छ । क्यान्सरको जोखिम भएकाले भने प्याप जाँच गरेर मात्र यस्तो चक्कीको सेवन गर्नुपर्छ । स्वास्थ्य सामान्य अवस्थामा भएका महिलाले पनि यसको सेवन अघि चिकित्सकको सल्लाह लिनु जरुरी हुन्छ ।

उच्च रक्तचाप, मधुमेह र मुटुरोगको औषधि खाइरहेकाहरूले यो चक्की खान मिल्दैन । कुनै कुनै एन्टिबायोटिकको सेवन गरिरहेको बेलामा पनि यो चक्की खान मिल्दैन । आफूखुसी यो औषधि सेवन गर्ने अनि केही साइड इफेक्ट देखियो भने सेवन गर्न छाडेर गर्भ रह्यो भन्ने समस्या लिएर धेरै अस्पताल आउने गरेका छन् । **चक्कीले कसरी काम गर्छ ?** यो हर्मोनल चक्की हो । यसले पाठेघरको मुखमा भएको पातलो पानीलाई बाक्लो बनाएर वीर्यलाई भित्र छिर्न दिंदैन र गर्भ रहनबाट रोक्छ । यो चक्कीले अण्डा निष्कासनलाई पनि कम गर्छ, जसले गर्दा गर्भ रहँदैन ।

यो चक्की सधैं एउटै समयमा खानु उपयुक्त हुन्छ तर बिर्सनु भएन । खानापछि बिहान वा बेलुकी जुन समयमा खाए पनि हुन्छ । **साइड इफेक्ट** यो हर्मोनल चक्की भएकोले पाठेघरको लेयरमा काम गर्ने हो ।

महिनावारीको बीचमा पनि रगत जाने, मोटोपन, टाउको दुख्ने, बान्ता हुने, ल्युकोरिया लगायत साइड इफेक्ट हुनसक्छ । **कुनै दिन खान छुटे के गर्ने ?** दैनिक सेवन गर्नुपर्ने यो चक्की सकेसम्म छुटाउनु हुँदैन । महिनावारीको पहिलो दिनबाट औषधि सेवन गरेको छ र पहिलो हप्तामा कुनै दिन औषधि छुट्यो भने अर्को दिन दुईवटा चक्की सेवन गर्दा हुन्छ । पहिलो हप्तामा नै दुईवटा चक्की छुट्यो भने दुई दिन दुई-दुईवटा चक्की सेवन गर्नुपर्छ । तेस्रो हप्तामा दुई दिनभन्दा बढी औषधि छुट्यो भने औषधिसँगै अन्य गर्भनिरोधक उपाय पनि अपनाउनुपर्छ । लगातार सात चक्की छुट्यो भने औषधि सेवन नै बन्द गरेर फेरि अन्य उपाय अपनाउनुपर्छ र अर्को पटक महिनावारीपछि पुनः खान थाल्नुपर्छ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।

परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।

**करैयामाई गाउँपालिकाकोकार्यालय**
**करैया, बारा**

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

**पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय**
**पटेर्वा सुगौली, पर्सा**

# मधेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत, प्रतिव्यक्ति आय ९३२ डलर पुग्ने अनुमान

*जनकपुर,२७ कात्तिक ।*

आर्थिक वर्ष २०८१/८२ मा मधेश प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार खाद्यान्न तथा तरकारी उत्पादन बढेपछि उक्त आर्थिक वृद्धि हासिल हुने अनुमान गरिएको हो । गत आव देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) उपभोक्ता मूल्यमा ६१ खर्ब ७ अर्ब रुपैयाँ रहने अनुमान कार्यालयको छ । त्यस्तै मधेशको जीडीपी उपभोक्ता मूल्यमा ८ खर्ब ४ अर्ब रहने अनुमान छ । राष्ट्रिय जीडीपी आधारभूत मूल्यमा ३.९९ प्रतिशतले वृद्धि हुने र मधेशमा ३.८८ प्रतिशतले बढ्ने अनुमान छ । मधेशको जीडीपीमा सबैभन्दा बढी योगदान कृषि, वन तथा मत्स्यपालन क्षेत्रको ३६.७० प्रतिशत छ । सबैभन्दा कम योगदान खानी तथा उत्खनन क्षेत्रको ०.१५ प्रतिशत छ । आव २०८१/८२ मा मधेशको प्रतिव्यक्ति आय ९ सय ३२ अमेरिकी डलर हुने अनुमान छ । प्रदेशमा तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफलमा १०.२७ प्रतिशतले वृद्धि भएको छ भने खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफलमा १.४९ प्रतिशत र फलफूल तथा मसला बालीले ओगटेको क्षेत्रफलमा क्रमशः २५.२० र ७.९४ प्रतिशतले घटेको कार्यालयले जनाएको छ । २०८१/८२ मा खाद्य तथा अन्य बाली उत्पादनमा १४.०१ प्रतिशतले वृद्धि भएको छ । तरकारी तथा बागवानी उत्पादनमा ९.७९ प्रतिशत, फलफूल उत्पादन ९.०७ र मसला उत्पादनमा १०.५३ प्रतिशतले कमी आएको छ । मधेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र




वन क्षेत्रमा ६२ अर्ब ९८ करोड कर्जा प्रवाह भएको छ । यो रकम मधेशमा प्रवाहित कुल कर्जाको १२.७० प्रतिशत हो । गत आव मधेशका उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा ४६.४७ प्रतिशत छ । २०८१/८२ मा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जामा ५.११ प्रतिशतले वृद्धि भई १ खर्ब २८ अर्ब ९ करोड पुगेको छ । अघिल्लो आव यसै अवधिमा यस्तो कर्जा १ खर्ब २१ अर्ब ८७ करोड थियो । यस प्रदेशको उद्योग क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये गैरखाद्यवस्तु उत्पादन उद्योगतर्फ ५१.७६ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३७.३९, धातु उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक्स एवं धातुका सामान उत्पादनतर्फ ४.१३, निर्माण उद्योगतर्फ ५.२६, खानी उद्योगतर्फ ०.८९ र विद्युत्, ग्यास तथा पानी उद्योगतर्फ ०.५८ प्रतिशत छ । गत आव मधेशका होटलमा कार्यरत कर्मचारी संख्यामा २०.४२ प्रतिशतले कमी आएको छ । तर, पर्यटक आगमनमा १८.२५ प्रतिशतले वृद्धि भएको नेपाल राष्ट्र बैंकको अध्ययनले देखाएको छ । गत आव घरजग्गा रजिस्ट्रेसन संख्या ३४.१७ प्रतिशतले वृद्धि भएको छ भने त्यसबाट संकलित राजस्व १९.२९ प्रतिशतले घटेको छ । त्यस्तै बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप १६.६८ प्रतिशतले वृद्धि भई ४ खर्ब ७ अर्ब ७३ करोड छ भने कर्जा ३.६२ प्रतिशतले वृद्धि भई ४ खर्ब ९५ अर्ब ८६ करोड पुगेको छ । त्यसैगरी मधेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनामा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पूर्वपश्चिम रेलमार्ग, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयन चरणमा छन् । ती आयोजनामध्ये हुलाकी सडकमार्ग निर्माण गति तुलनात्मक रूपमा तीव्र छ । गत आव मधेश प्रदेशबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या १ लाख ९३ हजार ९ सय २ छ । यो संख्या मुलुकबाट श्रम स्वीकृति लिने कुल संख्याको २३.१० प्रतिशत हो ।

# मधेश प्रदेश सभामुख मण्डलमाथि महाअभियोगको तयारी

*जनकपुर,२७ कात्तिक ।*

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल माथि महाअभियोग लाग्ने तयारी सुरु भएको छ । मण्डलमाथि पदीय आचरण विपरीत कार्य गरेको आरोप विपक्षी दलले लगाएका छन् ।

नेकपा एमालेबाट सभामुख बनेका मण्डलले मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनल को विश्वासको मत लिन खोज्दा सदनमा सम्बोधन गर्न नदिएको र माओवादीका असन्तुष्ट सांसदलाई बोलाएर मत विभाजन प्रक्रिया अगाडि बढाएको आरोप छ। यसले गठबन्धनका सांसदहरूमा आक्रोश बढाएको छ। विपक्षी दलका अनुसार सभामुखमाथि महाअभियोग दर्ता गर्न आवश्यकभन्दा बढी, करिब ७४ जनाभन्दा बढी सांसदका हस्ताक्षर संकलन भइसकेको छ । नेपाली कांग्रेसका सांसदहरू लगायत लोसपा सांसद उपेन्द्र महतो र अन्य सांसदहरूले मण्डलको भूमिकाको



विरोध गर्दै गालीगलौजसमेत गरेका थिए। मण्डललाई बारम्बार व्यक्तिगत स्वार्थ र पदीय मर्यादाविपरीत कार्य गरेको आरोप लागेको छ । आर्थिक वर्षको बजेट पेश गर्दा र करार भर्नामा आफ्ना परिवार तथा नातेदारलाई लाभ पुर्‍याएको पनि आरोप छ। सात दलीय गठबन्धनले आगामी सोमबारदेखि महाअभियोगको प्रक्रिया सुरु गर्ने तयारी गरेको उच्च स्रोतले जनाएका छन्। सर्वोच्च अदालतमा मुख्यमन्त्री विरुद्धको मुद्दा पेशी रहेकाले सोही दिन मण्डलविरुद्ध महाअभियोग दर्ता गरिने बताइएको छ।

सभामुख मण्डलले भने, “कसैको दबाबमा राजीनामा दिन छैन, महाअभियोगको सामना गर्ने तयारी छ।” मण्डल मधेश प्रदेशका दोस्रो सभामुख हुन् र पदभार ग्रहणदेखि विवादको केन्द्रमा आइरहेका छन्।

# राष्ट्रिय परिचयपत्रवालालाई मतदाता नामावली दर्ता सहज, “बायोमेट्रिक” दिन कार्यालय धाउन नपर्ने




*काठमाडौं,२७ कात्तिक ।*

मतदाता नामावली दर्ता प्रक्रियामा अब राष्ट्रिय परिचयपत्र लिएकालाई निर्वाचन कार्यालय पुग्नुपर्ने बाध्यता हट्दैछ । निर्वाचन आयोगले राष्ट्रिय पञ्जीकरण विभागसँगको समन्वयमा मतदाता नामावली दर्ताको प्रक्रिया सरल बनाउन यस्तो व्यवस्था गर्न लागेको हो। आयोगका पदाधिकारीहरूले हिजो प्रधानमन्त्री सुशीला कार्कीसँगको भेटमा मतदाता नामावली दर्ता सहज बनाउने तयारीबारे जानकारी गराएका थिए । आयोगले आजदेखि नै यो नयाँ प्रक्रिया लागू गर्ने तयारी गरेको छ । अब राष्ट्रिय परिचयपत्र लिएका मतदाताले नागरिकताको सट्टा आफ्नो परिचयपत्र नम्बर (क्ष्म नम्बर) मात्र उल्लेख गरे पुग्नेछ । यसरी नाम दर्ता गर्दा आयोगमा गई फोटो खिचाउन वा बायोमेट्रिक दिनु नपर्ने व्यवस्था हुनेछ। आयोगले राष्ट्रिय परिचयपत्र बनाउँदा लिइएको बायोमेट्रिक डेटा नै मतदाता नामावलीका लागि प्रयोग गर्ने तयारी गरेको हो। यसले विशेषगरी दुरदराजका मतदातालाई सहजता पुऱ्याउने अपेक्षा गरिएको छ । आयोगका अनुसार, मतदाता नामावलीमा नाम दर्ता गर्न आउनेको चाप लगातार बढिरहेको छ। यसका लागि आगामी कात्तिक ३० गते (आइतबार) सम्मको समयसीमा तोकिएको छ।

# स्थापनाको एक वर्षमा मधेस प्रदेश खेलकुद परिषद्को प्रभातफेरी सम्पन्न




*जनकपुर,२७ कात्तिक ।*

मधेस प्रदेश खेलकुद परिषद्ले आफ्नो स्थापनाको एक वर्ष पूरा गरेको अवसरमा बिहीबार जनकपुरधाममा प्रभातफेरी आयोजना गरेको छ । प्रभातफेरी रेल्वे स्टेशनबाट सुरु भई कदम चोक, जनक चोक हुँदै जानकी मन्दिरमा पुगेर सम्पन्न भएको थियो । कार्यक्रममा परिषद्का पदाधिकारी, खेलाडी, प्रशिक्षक तथा विभिन्न खेल संघका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । परिषद्का सदस्य-सचिव शिवजी प्रसाद कानुका अनुसार, परिषद्ले मधेसका प्रत्येक नागरिकलाई खेलकुदसँग जोड्ने उद्देश्यका साथ विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ। गत एक वर्षमा परिषद्ले प्रदेश सरकारको योजनाअन्तर्गत विविध

बाँकी तेश्रो पृष्ठमा

# गृहमन्त्री एमालेको नेता जस्तो लाग्न थालेको छः सुदन गुरुङ



*काठमाडौं,२७ कात्तिक ।*

‘हामी नेपाल’का संयोजक सुदन गुरुङले गृहमन्त्री ओमप्रकाश अर्यालको कामप्रति असन्तोष पोख्दै भनेका छन् कि उहाँ एमालेको नेताजस्तो कार्यशैली अपनाउन थालेको देखिन्छ। बिहीबार, नेपाल स्काउटको जग्गामा बनेका संरचना हटाउने क्रममा महानगर प्रहरीसँगै पुगेका गुरुङले गृहमन्त्रीको एजेण्डा केवल चुनावमा केन्द्रित रहेको बताएका छन् । उनले भने, “हाम्रो एजेण्डा देशमा न्याय स्थापना र व्यवस्था सुधार गर्ने हो । तर गृह मन्त्रालयले जेनजी आन्दोलनका मागहरू पूरा गर्न कुनै पहल गरेको छैन। उहाँ जेनजीहरूलाई नियन्त्रणमा राख्दै राजनीतिक दलहरूलाई पनि छोएको छैन । कहिलेकहिले त लाग्छ, गृहमन्त्री एमालेको नेता हो कि जस्तो ।” गुरुङले गृहमन्त्रीलाई जेनजी आन्दोलनको भावना अनुसार काम नगरे मार्गप्रशस्त गर्न सुझाव दिएका छन् ।

उनले बताए, “अहिले जेनजी आन्दोलनको भावना अनुसार काम गर्ने मन्त्रीहरूको आवश्यकता छ । गृह मन्त्री बाहेक अन्य मन्त्रालयका मन्त्रीहरूले भने जेनजी आन्दोलनको भावना अनुसार काम गरिरहेका छन् । शिक्षा र स्वास्थ्य क्षेत्रमा चरम भ्रष्टाचार देखिएको छ, त्यसैले सबै मिलेर भ्रष्टाचारमुक्त देश बनाउनु जरूरी छ ।”सुदन गुरुङले जेनजी आन्दोलनलाई सम्म पुऱ्याउने पहल गरेको पनि दाबी गरे ।

उनका अनुसार, केही जेनजीहरू वडासम्म समिति बनाउँदै जान सक्ने स्थिति छैनन्, तर उनले वडासम्म समितिहरू बनाइसकेको जानकारी दिए । उनले जोर दिए कि देशमा न्याय, व्यवस्था सुधार र भ्रष्टाचारमुक्त वातावरण सिर्जना गर्न जेनजी आन्दोलनको भावना अनुसार कदम चाल्न सबै मन्त्री र सम्बन्धित निकाय सक्रिय हुन आवश्यक छ ।

# सिराहामा लागुऔषधसहित ४ जना पक्राउ

*जनकपुर,२७ कात्तिक ।*

सिराहा जिल्लामा अवैध लागुऔषधसहित ४ जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सिराहा, लागुऔषध नियन्त्रण ब्युरो गोलबजार सिराहा र वडा प्रहरी कार्यालय सिराहा मिलेर गठन गरेको संयुक्त प्रहरी टोलीले पक्राउ गरेको हो ।

पहिलो घटनामा, सिराहा नगरपालिका-१७ पटेर्वा बस्ने २५ वर्षीय राम जीवन यादव र मोटरसाइकलको पछाडि सवार २७ वर्षीय दीपककुमार यादवलाई स ११ च ५४८५ नम्बरको मोटरसाइकलमा चेकजाँच गर्दा ब्राउन सुगर जस्तो देखिने २४.८२० ग्राम पदार्थ प्लास्टिकमा जफत भएको थियो ।

अर्को घटनामा, सिराहा नवराजपुर गाउँपालिका-५ स्थित कुसण्डीबाट जगतपुर जाने बाटोमा स १० प ५३२६ नम्बरको मोटरसाइकल रोकिएर जाँच गर्दा, चालक २० वर्षीय ऋषि कुमार यादवको साथबाट डाईजोपाम एम्पुल ५ थान, प्रोमेथाजिन एम्पुल ५ थान, ब्रुफेनफाइन एम्पुल ५ थान फेला परेपछि पक्राउ गरिएको थियो।मोटरसाइकलको पछाडि सवार १८ वर्षीय देवेन्द्र कुमार यादवको साथबाट डाईजोपाम एम्पुल १ थान र सिरिन्ज १ थान बरामद गरिएको थियो। प्रहरीका अनुसार, दुवै घटनामा पक्राउ परेका व्यक्तिहरूलाई बरामद लागुऔषधसहित नियन्त्रणमा लिएर थप अनुसन्धान सुरु गरिएको छ । यो कार्यवाहीले सिराहामा लागुऔषध नियन्त्रणमा प्रहरीको सक्रियता देखाएको छ ।

नेपाल पोष्ट डेली
ई -पेपरका
लागि स्क्यान गर्नुहोस्

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको
कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको
कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको
कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको
कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको
कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको
कार्यालय,जिराभवानी ,पर्सा